यान्ङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर


प.सं. २०८०।०८१

सूचना नं. ०४-२०८०।०८१

मिति:- २०८०।०४।१०

**विषय:- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुले नाम नविकरण गर्ने सम्बन्धमा**

प्रस्तुत विषयमा नेपाल सरकारले मिति २०७८।१२।१३ मा स्विकृत गरेको "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि – २०७८" बमोजिम यस यान्ङवरक गाउँपालिका भित्र बसोबास गर्ने मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामीहरु (२६ जना) ले उक्त कार्यविधिको दफा ६ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०८०/०८१ का लागी **२०८० भाद्र मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा उपस्थित भई अनिवार्य रुपमा** लाभग्राही सूची नविकरण गर्नु गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तोकिएको समयमा नविकरण नगराउने लाभग्राहीहरुलाई औषधि उपचार बापत नेपाल सरकारले उपलब्ध गराउने रु. ५,०००।- र यान्ङवरक गाउँपालिकाले उपलब्ध गराउने थप रु. २,०००।- उपलब्ध गराउन नसकिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१.नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नाबालकको हकमा जन्मदर्ता।

२. अनुसूचि-१ बमोजिमको ढाँचामा चिकित्सकको सिफारिस।

३. मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता परिचय पत्र रातो वा निलो कार्डको प्रतिलिपि।

४. अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन।

(नोट:- यो निवेदनको फारम सम्बन्धित वडा कार्यालयमा निशुल्क उपलब्ध हुनेछ।)



yangwarakruralmun@gmail.com | www.facebook.com/yangwarak | www.yangwarakmunpanchthar.gov.np | ०२४-४१००४८, ०२४-४१००४९



Scanned with CamScanner